# प्रदेश घरेलु हिंसा सम्वन्धी नियमावली, २०७६

प्रदेश घरेलु हिंसा सम्वन्धी ऐन, २०७५ को दफा १६ ले दिएका अधिकार प्रयोग गरि प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम " प्रदेश घरेलु हिंसा सम्वन्धी नियमावली २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उजुरी" भन्नाले ऐनको दफा ३ बमोजिम दिइएको निवेदन वा उजुरी सम्झनु पर्छ ।

(ख) "उजुरकर्ता" भन्नाले उजुर दिने ब्यक्ति सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले प्रदेश घरेलु हिंसा सम्वन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले ऐन बमोजिम स्थापना हुने संरक्षण कोष सम्झनु पर्छ ।

(ङ) "नियम" भन्नाले प्रदेश घरेलु हिंसा सम्वन्धी नियमावली, २०७६ सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले प्रदेश नम्बर एक सम्झनु पर्छ ।

(छ) "सामाजिक विकास संस्था" भन्नाले प्रदेश सामाजिक विकास संस्था ऐन, २०७५ बमोजिमको संस्था सम्झनु पर्छ ।

३. **उजुरी दर्ता सम्बन्धि व्यवस्था** : (१) कसैले घरेलु हिंसाको सम्वन्धमा उजुरी दिन चाहेमा प्रदेश प्रहरीको सम्बन्धित स्थानीय कार्यालयमा अनुसूचि-१ बमोजिमको ढाँचामा उजूरी दिनु पर्नेछ र प्रदेश प्रहरी सगंठन स्थापना नहुञ्जेल प्रदेश स्वास्थ्य कार्यालयले तोकेको कर्मचारीले त्यस्तो उजुरी लिन सक्नेछ ।

तर कसैले मौखिक उजुरी दिएको भएमा वा उजुरी अनुसुची-१ बमोजिमको ढाँचामा नभएमा उजुरकर्तालाई झिकाइ अनुसुची-१ बमोजिमको ढाँचामा उजुरी तयार गरी उजुरकर्ताको सहीछाप गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको उजुरी दर्ता किताबमा दर्ता गरी उजुरकर्तालाई अनुसुची-२ बमोजिमको ढाँचामा भरपाई दिनुपर्नेछ ।

(३) उजुरी दर्ता प्रकृया समाप्त भएपछि प्राप्त उजुरीको अध्ययन गरी थप विवरण लिनुपर्ने भएमा उजुरी लिने अधिकारीले तत्कालै पिडितको घटना विवरण कागज गराउनु पर्नेछ ।

(४) यस नियम बमोजिम दिइएको उजुरी र पिडितसँग गरिएको घटना विवरण कागज समावेश गरी अनुसुची-३ को ढाँचामा अभिलेख राख्नुपर्नेछ ।

(५) उपनियम (१) देखि (४) को प्रकृया पूरा गरे पछि उजुरी लिने अधिकारीले तत्काल संघीय प्रहरी कार्यालयसँग समन्वय गरी आवश्यक कार्वाहीको प्रकृया अघि बढाउनु पर्नेछ ।

४.	**स्वास्थ्य उपचार सम्वन्धी व्यवस्था** : (१) ऐन र यस नियमावली बमोजिम उजुरी दर्ता भएपछि उजुरी लिने अधिकारीले आवश्यकता परेमा पीडितलाई तत्काल नजिकको सरकारी अस्पताल वा नजिकमा सरकारी अस्पताल उपलव्ध नभएमा निजी अस्पताल वा स्वास्थ्य संस्थामा परिक्षण गर्न लैजानुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सरकारी अस्पतालमा स्वास्थ्य परिक्षण गराउँदा अस्पतालमा आधारित एकद्वार संकट ब्यबस्थापन केन्द्र लागु भएका स्थानमा सो केन्द्र मार्फत स्वास्थ्य परिक्षण गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम स्वास्थ्य परिक्षण गर्दा थप स्वास्थ्य परिक्षण वा उपचार गर्नुपर्ने भनि चिकित्सकवाट सिफारिस भएमा थप उपचारको प्रवन्ध मिलाउनुपर्नेछ ।

(४) यस नियम बमोजिम गरिएको स्वास्थ्य परिक्षण र उपचार सम्वन्धि सम्पूर्ण कागजातहरु नियम ३ को उपनियम (४) बमोजिमको अभिलेखमा समावेश गर्नुपर्नेछ ।

(५) यस नियम बमोजिम पिडितको स्वास्थ्य परिक्षण, उपचार, मनोसामाजिक बिमर्श लगायतको कार्य गर्दा कुनै संघसस्था वा निकायको सहयोग लिन सकिनेछ ।

(६) यस नियमावली बमोजिम हिंसा पिडित व्यक्तिको एकद्वार संकट ब्यबस्थापन केन्द्र लागु नभएका स्पतालमा उपचार गर्दा लाग्ने खर्च ऐन बमोजिमको संरक्षण कोषबाट व्यहोरिनेछ ।

५.	**संरक्षण अधिकृत** : (१) प्रदेशको प्रत्येक प्रहरी इकाई/कार्यालयमा कम्तीमा प्रहरी सहायक निरिक्षक दर्जाको प्रहरी कर्मचारीलाई संरक्षण अधिकृत तोकिनेछ ।

तर जिल्ला तहको प्रहरी कार्यालयमा कम्तीमा प्रहरी निरिक्षक दर्जाका प्रहरी कर्मचारीलाई संरक्षण अधिकृत तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षण अधिकृतको व्यवस्था नभए सम्मको लागी प्रदेश स्वास्थ्य कार्यालयले तोकेको अधिकृत हुनेछ ।

६.	**एक तह माथि निबेदन दिन सकिने** : (१) यस ऐन र यस नियमावली बमोजिमको उजुरी लिने प्रहरी अधिकृतले यस नियम बमोजिम उजुरी लिन इन्कार गरेमा एक तह माथिको प्रहरी कार्यालयमा उजुरी दिन सक्नेछ र त्यस्तो एक तह माथिको प्रहरी अधिकृतले तत्काल उजुरी लिई ऐन र यस नियम बमोजिमको प्रकृया अघि बढाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रहरी कार्यालय स्थापना नहुँदा सम्म प्रदेश स्वास्थ्य कार्यालयको प्रमुख समक्ष उजुरी दिन सकिनेछ र प्रदेश स्वास्थ्य कार्यालयको प्रमुखले त्यस्तो उजुरी प्राप्त हुना साथ ऐन र यस नियमावली बमोजिमको प्रकृया अघि बढाउनु पर्नेछ ।

७.	**दीर्घकालीन पुनर्स्थापना गृह** : (१) ऐन बमोजिमको दीर्घकालीन पुनर्स्थापना गृहको संचालन, व्यवस्थापन र नियमन मन्त्रालयले स्वीकृत गरि लागु गरेको निर्देशिका बमोजिम हुनेछ ।

**स्पष्टीकरण** : यस नियमको प्रयोजनको लागी "दीर्घकालिन पुनर्स्थापना" भन्नाले घरेलु हिंसा पीडितलाई अधिकतम दुई वर्षसम्म तोकिएको सेवा दिने कार्यलाई जनाउनेछ ।

(२) दीर्घकालीन पुनर्स्थापना गृहमा रहेका घरेलु हिंसा पीडितलाई ६ महिना सम्ममा पुनर्स्थापना गरिसक्नु पर्नेछ र सो प्रयास सफल हुन नसकेमा सफल हुन सक्नुको आधार र कारण खोली मात्र अधिकतम दुई वर्षसम्म दीर्घकालीन पुनर्स्थापना गृहमा राखिनेछ ।

(३) दीर्घकालीन पुनर्स्थापना गृह र सो गृहको शाखा व्यवस्थापनको लागि प्रदेश सरकार अन्तर्गत दर्ता भएका सामाजिक विकास संस्थालाई मात्र प्रदेश सरकारले आर्थिक अनुदान दिन सक्नेछ ।

८. **दीर्घकालीन पुनःस्थापना गृह संचालक समितिको काम, कर्तव्य र अधिकार** : दीर्घकालिन पुनस्थापना गृहको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) दीर्घकालीन पुनर्स्थापना गृहको आवश्यक बजेट, कार्यक्रम र योजना तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख) दीर्घकालीन पुनर्स्थापना गृहको शाखा विस्तार गर्नुपर्ने भएमा संभाव्यता अध्ययन गरी मन्त्रालय मार्फत निर्णयको लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(ग) दीर्घकालीन पुनर्स्थापना गृहमा रहेका ब्यक्तिहरुलाई दिइने रोजगारमुलक शीप विकास तालिमको आवश्यकता पहिचान गरी मापदण्ड र कार्यविधि तयार गर्ने,

(घ) ऐनको दफा ५ को उपदफा (५) बमोजीम विस्तार हुने शाखाको काम, कर्तब्य र अधिकार सम्बन्धि निर्देशिका तयार गर्ने र त्यस्तो शाखालाइ आवश्यक सहयोग गर्ने,

(ङ) नियम ७ को उपनियम (३) बमोजिम दीर्घकालीन पुनर्स्थापना गृह र सो गृहको शाखा व्यवस्थापनको लागि प्रदेश सरकार अन्तर्गत दर्ता भएका सामाजिक विकास संस्थालाई आर्थिक अनुदान दिइएको भए उक्त संस्थाले गरेको काम कारवाहीको अनुगमन र मूल्यांकन गरि मन्त्रालय समक्ष सुझाब सहितको प्रतिबेदन दिने,

(च) यस नियममा उल्लेख भए बाहेकका अन्य काम, कर्तव्य र अधिकार निर्देशिका बमोजिम हुनेछ ।

९. **अल्पकालीन सुरक्षा आवास** : (१) प्रदेश सरकारको सहयोग वा सहकार्यमा कुनै सामाजिक विकास संस्था वा स्थानीय तहले अल्पकालीन सुरक्षा आवास स्थापना गरि संचालन गर्न चाहेमा स्वीकृतिको लागि अनुसूची- ४ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निबेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निबेदन जाँचबुझ गर्दा त्यस्तो संस्थाले नियम १० बमोजिमको मापदण्ड पुरा गरेको देखिएमा मन्त्रालयले सो संस्था वा तहलाई आवश्यक शर्त तोकी अनुसूची -५ बमोजिमको ढाँचामा अल्पकालिन सुरक्षा आवास स्थापना गरि संचालन गर्न स्वीकृति दिइनेछ ।

१०. **मापदण्ड पूरा गरेको हुनु पर्ने** : (१) अल्पकालिन सुरक्षा आवास स्थापना गरि संचालन गर्नको लागि देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) न्यूनतम आधारभूत सुबिधा सहितको भौतिक संरचना,
(ख) न्युनतम स्वास्थ्य सेवा तथा सुरक्षाको व्यवस्था,
(ग) पीडितको लागि आवश्यकता अनुसार मनोबिमर्ष सेवा, मनोबैज्ञानिक सेवा र कानूनी सहायता उपलब्ध गराउने ब्यबस्था,
(घ) पिडितलाई आर्थिक सहायता उपलब्ध गराउन सक्ने क्षमता,
(ङ) मन्त्रालयले तोकेका अन्य मापदण्ड ।

(२) उपनियम (१) बमोजिमको मापदण्डमा मन्त्रालयले आवश्यकता अनुसार हेरफेर वा संशोधन गर्न सक्नेछ ।

११. **गुनासो सुनवाइ सम्वन्धी व्यवस्था** : (१) ऐनको दफा ९ बमोजिम गुनासो सुनुवाई गर्ने प्रयोजनको लागि सम्वन्धित कार्यालयको प्रमुख वा निजले तोकेको कर्मचारीले गुनासो सुनुवाइ अधिकारीको रुपमा कार्य गर्नु पर्नेछ ।

(२) गुनासो सुनुवाइ गर्ने अधिकारीले पीडित वा प्रभावितले दिएको गुनासो उपर तत्काल छानविन गरी बढीमा तिन दिनभित्र गुनासोको सम्बोधन गरिसक्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम भएको सुनुवाईको लिखित प्रतिबेदन गुनासो सुनुवाइ गर्ने अधिकारीले तयार गरि अभिलेख राखु पर्नेछ ।

(४) यस नियम बमोजिम दिइएको गुनासो उपर छानविन गर्दा जिम्मेवार अधिकृतले पीडित वा प्रभावित व्यक्तिलाई जानी जानी कुनै किसिमको हानी नोक्सान पु-याएको पाइएमा त्यस्तो अधिकृतलाई प्रचलित कानुनले व्यवस्था गरे बमोजिम विभागीय वा अन्य कारवाहि गर्न कार्यालय प्रमुखले प्रकृया सुरु गर्नुपर्नेछ ।

१२. **कोष संचालन समिति सम्वन्धि व्यवस्था** : (१) ऐन बमोजिम गठन हुने संरक्षण कोष संचालक समितिको बैठक सम्वन्धि कार्यविधी सो समिती आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) संरक्षण कोषको रकम खर्च गर्दा कोष संचालक समितिको प्रशासनिक खर्च प्रदेश सरकारबाट प्राप्त रकमबाट व्यहोर्न पाइने छैन ।

(३) संरक्षण कोष संचालक समितिको सचिवालय सम्वन्धित् स्थानिय तहले तोकेको कार्यालयमा रहनेछ।

(४) कोष संचालन सम्बन्धी अन्य मापदण्ड र प्रकृया मन्त्रालयले समय समयमा तोकेबमोजिम हुनेछ।

१३. **कोषको रकम खर्च सम्वन्धि व्यवस्था** : (१) ऐन कार्यान्वयनको लागि प्रदेश सरकारले कोषमा सालवसाली रकम अनुदान स्वरूप उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराइएको रकम एक आर्थिक बर्षमा खर्च हुन नसकेमा सो रकम अर्को आर्थिक बर्षमा कोषमा स्वतः सर्नेछ ।

(३) यस नियम बमोजिम उपलब्ध गराइएको रकम खर्च गर्दा मन्त्रालयले तोकेको सीमा र शिर्षकमा खर्च गर्नु पर्नेछ ।

(४) कोषको रकम खर्च गर्दा सम्बन्धित स्थानीय तहका न्यायिक समितिका अध्यक्ष र लेखा प्रमुखको संयुक्त दस्तखतबाट गर्नु पर्नेछ ।

१४. **कानुन व्यवसायी, दोभाषे र मनोसामाजिक विमर्शकर्ता सम्वन्धी व्यवस्था** : (१) ऐनमा व्यवस्था भए बमोजिमको कानुन व्यवसायी, दोभाषे वा मनोसामाजिक विमर्शकर्ताको सेवा आवश्यक पर्ने पीडितले सम्वन्धित कोष संचालक समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिइएको खण्डमा सम्वन्धित समितिले आवश्यकता अनुसार कानुन व्यवसायी, दोभाषे वा मनोसामाजिक विमर्शकर्ताको सेवा उपलव्ध गराउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम सेवा प्रदान गर्ने कानुन व्यवसायी, दोभाषे वा मनोसामाजिक विमर्शकर्ताको पारिश्रमिक मन्त्रालयले तोकेको सीमा भित्र रही सम्वन्धित समिति र त्यस्तो सेवा प्रदान गर्ने व्यक्ति बिच आपसी सम्झौताबाट निर्धारण गर्न सकिनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कानुन व्यवसायी, दोभाषे वा मनोसामाजिक विमर्शकर्ताको सेवा उपलव्ध गराउनु अघि त्यस्तो सेवाको औचित्य र आवश्यकता पुष्ट्याइ गरेर मात्र उपलव्ध गराउनुपर्नेछ ।

(५) अन्य व्यवस्था समितिले कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**१५.** **<u>कोषको लेखा र लेखा परिक्षण</u>** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको अन्तरिक लेखापरिक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयवाट हुनेछ ।

**१६.** **<u>आर्थिक साहयाता सम्बन्धी</u>** : ऐनको दफा ६ बमोजिमको आर्थिक सहायता सम्बन्धि रकम उपलब्ध गराउँदा स्थानीय तहको न्यायिक समिति मार्फत उपलब्ध गराइनेछ ।

(२) उपनियम १ बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ ।

**१७.** **<u>अधिकार प्रत्यायोजन</u>** : मन्त्रालयले यस नियमावली बमोजिम आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकारहरु आफु मातहतका निकाय, समिति, उपसमिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१८.** **<u>अनुसुचीमा थपघट तथा हेरफेर गर्न सक्ने</u>** : प्रदेश सरकारले आवश्यकता अनुसार अनुसुचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**१९.** **<u>निर्देशिका वा कार्यविधी बनाउन सक्ने</u>** : मन्त्रालयले यस नियमावलीको उद्धेश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधी वा मार्गदर्शन तयार गरि लागु गर्न सक्नेछ ।

**अनुसुची– १**
**(नियम ३ को उपनियम १ सँग सम्बन्धित)**
**उजुरीको ढाँचा**

**........प्रहरी कार्यालयमा चढाएको निबेदन/उजुरी**

.......जिल्ला....................न.पा./गा.पा वडा न.....बस्ने वर्ष.....को ................................

निवेदक

विरुद्ध

.......जिल्ला....................न.पा./गा.पा वडा न.....बस्ने वर्ष.....को ................................

विपक्षी

(एक भन्दा धेरै विपक्षी भएमा क्रमशः लेख्ने)

मलाई ......................मितिमा विपक्षीले निम्न बमोजिम घरेलु हिंसा गरेको हुँदा आवश्यक कारबाहीको लागि तल उल्लेखित प्रमाण साथ यो निबेदन/उजुरी दिएको छु ।

(क) घरेलु हिंसाको प्रकार र बिस्तृत बिबरण : ............................ (यसमा नअटेमा थप पाना राख्न सकिने)
(ख) संलग्न प्रमाणहरु (सम्भव भएसम्म) : १........................२................ :
(ग) अन्य निकायमा उजुरी वा मुद्धा दर्ता गरेको भए सो को विवरण :
(घ) साक्षिको नाम, ठेगाना :
(ङ) यसभन्दा अघि घरेलु हिंसा भएको भए सो सम्बन्धि सामान्य जानकारी :
(च) माँग गरेको उपचार :

**<u>उजुरकर्ताको,-</u>**

नाम, थर :
ठेगाना :
जात/जाति :
भाषा :
धर्म :
पेशा/व्यवसाय :
विवाहित/अविवाहित/एकल :
हस्ताक्षर :
मिति :

**अनुसुची— २**
**(नियम ३ को उपनियम २ सँग सम्बन्धित)**
**भरपाईको ढाँचा**

**श्री................प्रहरी कार्यालय,**

**..........................।**

श्री............................................ले यस कार्यालयमा घरेलु हिंसा भएको संबन्धमा दिनु भएको निबेदन/उजुरी दर्ता गरी यो भरपाई दिइएको छ ।

भर्पाइ गरिदिने कर्मचारीको नाम :

दर्जा :
हस्ताक्षर :
कार्यालयको छाप :
मिति :

**अनुसुची– ३**

**(नियम ३(४) सँग सम्बन्धित)**

**<u>अभिलेखको ढाँचा</u>**

(१) निबेदन वा उजुरीको छोटो विवरण :

(२) अन्य निकायमा उजुरी दिएको भए सो निकायको नाम :

(३) पीडितले माँग गरेको उपचार :

(४) निबेदन वा उजुरीमा संलग्न कागजातहरु :

(५) पिडितलाई सहयोग गर्नु पर्ने वा निवेदनमा कुनै कारबाही गर्नु पर्ने सम्बन्धमा उजुरी दर्ता गर्ने अधिकारीको राय :

**अनुसुची– ४**

**(नियम ९ (१) सँग सम्बन्धित)**

**अल्पकालीन सुरक्षा आवास स्थापना गरी संचालन गर्न स्वीकृतिको लागि निबेदन दिने ढाँचा**

मिति ......

बिषय : अल्पकालीन सुरक्षा आवास स्थापना गरि संचालन गर्न स्वीकृति पाउँ ।

श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नम्बर १, बिराटनगर,
नेपाल ।

यस सँस्थाले अल्पकालीन सुरक्षा आवास स्थापना गरि संचालन गर्न चाहेकोले स्वीकृति पाउनको लागि प्रदेश घरेलु हिंसा सम्बन्धि नियमावली, २०७५ बमोजिम यो निबेदन पेश गरेको छु ।

१. सँस्थाको विवरण :-

(क) सँस्थाको नाम :
(ख) सँस्थाको ठेगाना :
(ग) सँस्थाको प्रमुख पदाधिकारीको नाम र ठेगाना :
(घ) सम्पर्क व्यक्ति :

२. प्रस्तावित सुरक्षा आवासको विवरण :-

(क) सुरक्षा आवास स्थापना गरि संचालन गर्न चाहेको स्थान :
(ख) सुरक्षा आवासको मापदण्ड सम्बन्धि विवरण :
(ग) जनशक्ति विवरण :
(घ) आर्थिक श्रोत :

<u>संलग्न कागजातहरु</u>

(१) सँस्थाको विधानको प्रतिलिपि,
(२) सँस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिती

सँस्थाको अधिकार प्राप्त व्यक्तिको

सँस्थाको छाप

दस्तखत :

नाम :

सम्पर्क ठेगाना :

**अनुसुची— ५**

**(नियम ९ (२) सँग सम्बन्धित)**

**अल्पकालीन सुरक्षा आवास स्थापना गरी संचालन गर्न दिईएको स्वीकृतिको ढाँचा**

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय,

प्रदेश नम्बर १, बिराटनगर

**बिषय : अल्पकालीन सुरक्षा आवास स्थापना गरी संचालन गर्न दिईएको स्वीकृति ।**

श्री........................ । मिति........................

यस मन्त्रालयको मिति.............को निर्णय अनुसार त्यस संस्थालाई प्रदेश घरेलु हिंसा सम्बन्धि ऐन, २०७५ तथा प्रदेश घरेलु हिंसा सम्बन्धि नियमावली, २०७५ बमोजिम अल्पकालीन सुरक्षा आवास स्थापना गरी संचालन गर्न स्वीकृति दिईएको छ ।

**अल्पकालीन सुरक्षा आवासले पालना गर्नु पर्ने शर्तहरु**

(क) ....
(ख) ...
(ग) ...

स्वीकृति दिने अधिकारीको,-

दस्तखत :

नाम :

पद :